नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
## आपूर्ति व्यवस्था महाशाखा

☎ ४२६१७६८
४२६११३६
फ्याक्स- ४२६१४१३

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्या:- २०७४/७५
चलानी नम्बर:- ८६

मिति: २०७४/०४/०८

**विषय: Zinc Sulphate 20 mg Tablet को मौज्दात विवरण सम्बन्धमा ।**

श्री केन्द्रीय मेडिकल स्टोर, पथलैया, बारा ।
श्री क्षेत्रीय मेडिकल स्टोर, बिराटनगर, हेटौंडा, बुटवल, नेपालगञ्ज र धनगढी ।
श्री ७५ वटै जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयहरु ।

उपरोक्त सम्वन्धमा आ.व. २०६९/७० मा बाल महाशाखाको कार्यक्रमको लागि आवश्यक Zinc Sulphate 20 mg tablet खरिद गर्नको लागि स्वास्थ्य सेवा विभागको निर्णयानुसार आपूर्ति व्यवस्था महाशाखा तथा श्री Hospitec Pharma Pvt. Ltd., Kathmandu वीच मिति २८ जुन २०१३ मा तीन वर्षको लागि बहुबर्षीय (Multy Year Contract) सम्झौता (Contract No: NHSP-II/G/ICB- 34.8) सम्पन्न भएको थियो ।

उक्त सम्झौता अनुसार सप्लायर श्री Hospitec Pharma Pvt. Ltd. ले दोश्रो वर्षको सप्लाई अन्तर्गत सप्लाई भएका Batch No. AZC5001 E, AZC 5002 E, AZC 5003E, AZC 5004 E & AZC 5005E का Zinc Sulphate 20 mg Tablet केन्द्रीय मेडिकल स्टोर, पथलैया, बारामा मिति २०७२।१०।०७ मा दाखिला ( दाखिला नं.०३३-७२/७३) गरीएको थियो । साथै उक्त औषधी केन्द्रीय मेडिकल स्टोर, पथलैयाबाट देश भरीका मेडिकल स्टोर र जिल्ला स्टोरहरुमा वितरण गरीएको थियो ।

हाल उक्त ब्याचका Zinc Sulphate 20 mg Tablet मौज्दात रहेको भए, मौज्दात रहेको परिमाण सप्लायरबाट Replacement गराउँनु पर्ने भएकोले केन्द्रीय मेडिकल स्टोर/क्षेत्रीय मेडिकल स्टोर/जिल्ला जनस्वास्थ्य कार्यालय/जिल्ला स्वास्थ्य कार्यालय र अन्तरगतका स्वास्थ्य संस्थाहरुमा मौज्दात भएको भए मौज्दात विवरण ७ दिन भित्र आपूर्ति व्यबस्था महाशाखा, टेकूमा उपलब्ध गराई दिनु हुन अनुरोध छ । अन्यथा सम्बन्धित स्टोर प्रमुखनै जिम्मेवार हुने ब्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराईएको छ ।

०७४।४।८

(बाबुराम लामिछाने)
उप-सचिब

**बोधार्थ:**
श्रीमान् महानिर्देशकज्यू, स्वास्थ्य सेवा बिभाग, टेकू ।